


# बलात्कार एउटा जघन्य अपराध हो

**मुलुकी अपराध संहिताको करणी सम्बन्धी कसूर अन्तरगतको दफा २१९ अनुसार बलात्कार (करणी) मा हुने सजायः**

- १० वर्ष भन्दा कम उमेरकी बालिका भए १६ वर्ष देखि २० वर्ष सम्म कैद हुन्छ ।
- १० वर्ष वा १० वर्षभन्दा बढी १४ वर्ष मुनिको बालिका भए १४ वर्षदेखि १६ वर्षसम्म कैद हुन्छ ।
- १४ वर्ष वा १४ वर्ष भन्दा बढी १६ वर्ष भन्दा कम उमेरकी बालिका भए १२ वर्ष देखि १४ वर्ष सम्म कैद हुन्छ ।
- १६ वर्ष वा १६ वर्ष भन्दा बढी १८ वर्ष भन्दा कम उमेरकी महिला भए १० वर्षदेखि १२ वर्ष सम्म कैद हुन्छ ।
- १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए ७ वर्ष देखि १० वर्षसम्म कैद हुन्छ ।
- वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ वर्ष सम्म कैद हुन्छ ।



**सहयोगको लागी: ११४५ खवर गरौ , प्रहरी कार्यालय,**
**स्थानिय निकाय : वडा कार्यालय, गाउँपालिका/नगरपालिकाको कार्यालय**

APEIRON

AMPLIFYCHANGE

# बाल विवाह

विवाह गर्ने व्याक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा बाल विवाह मानिने छ ।

## बाल विवाहका असरहरु



किशोरी अवस्थामा गर्भधारण



किशोरीहरु विधालय जान नसक्ने



घरेलु हिंसा बढ्ने

मुलुकी अपराध संहिता ऐन २०७५ को परिच्छेद ११ को दफा १७३ अनुसार बालबिवाह भएको विवाह स्वत: वदर हुनेछ । कसुर गर्ने व्याक्तिलाई ३ वर्ष सम्म कैद र ३०,००० सम्म जरिवाना हुनेछ ।

**सहयोगको लागी: ११४५ खवर गरौ , प्रहरी कार्यालय,**
**स्थानिय निकाय : वडा कार्यालय, गाउँपालिका/नगरपालिकाको कार्यालय**

APEIRON

AMPLIFYCHANGE

# यौन तथा प्रजनन् स्वास्थ्य अधिकार


सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार अन्तर्गत निम्न अधिकारहरु समेटिएको छ ।



गोपनीयताको अधिकार




सुरक्षित गर्भपतन गर्न पाउने अधिकार



परिवार नियोजन सेवा प्राप्त गर्ने अधिकार

२०७५ सालको ऐन नम्बर ९ सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन अनुसार कुनै कसुर गरे वा गराएमा कसुरको मात्रा हेरी छ महिना सम्म कैद र एक लाख सम्म जरिवाना हुनेछ।

**सेवा/सहयोगको लागी: प्रहरी कार्यालय, नजिकको स्वास्थ्य चौकी, स्थानिय निकाय : वडा कार्यालय, गाउँपालिका/नगरपालिकाको कार्यालय/अस्पताल**


APEIRON

AMPLIFYCHANGE

# बहु विवाह

कुनै पनि विवाहित व्याक्तिले वैवाहिक सम्वन्ध कायम रहेको अवस्थामा अर्को विवाह गरेमा बहु विवाह मानिन्छ ।

## बहु विवाहका असरहरु :



**स्रोत र साधनको पहुँचबाट वन्चित**



**स्वास्थ्यमा असर**



**घरेलु हिंसामा वृद्धि**

बहुविवाह गरेमा मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १७५ अनुसार गर्ने वा गराउने व्यक्तिलाई १ बर्षदेखि ५ वर्षसम्म कैद र १० हजार रुपैयाँ देखि ५० हजार रुपैयासम्म जरिवाना हुनेछ ।

सहयोगको लागी: ११४५ खवर गरौ , प्रहरी कार्यालय,
स्थानिय निकाय : वडा कार्यालय, गाउँपालिका/नगरपालिकाको कार्यालय

APEIRON AMPLIFYCHANGE


# 'लैङ्गिक हिंसा मुक्त समाजको निर्माण गर्न हामी सबै हातेमालो गरौ'

जुनकुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैङ्गिक विभेदबाट निर्देशित भई गरिएको भुमिका, अपेक्षा तथा मापदण्डको आधारमा हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ ।

**नेपालमा लैङ्गिक हिंसा विरुद्ध निम्न कानुन र ऐनहरु बनेका छन्।**

- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- मुलुकी ऐन, जबरजस्ती करणी, दफा १०
- मुलुकी अपराध संहिता ऐन २०७५ को परिच्छेद ११
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार

## घरेलु हिंसा



परिभाषाः
कुनै व्याक्तिले घरेलु सम्बन्घ भएको अर्को कुनै व्याक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक यातनालाई घरेलु हिंसा भनिन्छ ।

ऐनः
घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

सजायः
घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीनहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

## बलात्कार



परिभाषाः
नेपालको कानून अनुसार कसैले पनि कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा अठार वर्ष भन्दा कम उमेरक बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा बलात्कार गरेको ठहर्छ ।

ऐनः
मुलुकी ऐन, जबरजस्ती करणी, दफा १०

सजायः
बलात्कार गरेमा त्यस्तो व्यक्तिलाई उमेर र सम्बन्धका आधारमा ५ देखि २० वर्षसम्म कैद हुनेछ ।

## बालविवाह



परिभाषाः
विवाह गर्ने व्याक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा बालविवाह मानिने छ।

ऐनः
मुलुकी अपराध संहिता ऐन २०७५ को परिच्छेद ११ को दफा १७३

सजायः
बालविवाह भएको विवाह स्वतः वदर हुनेछ । कसुर गर्ने व्याक्तिलाई ३ वर्ष सम्म कैद र ३०,००० सम्म जरिवाना हुनेछ ।

## यौन तथा प्रजनन् स्वास्थ्य अधिकार




परिभाषाः
प्रजनन् स्वास्थ्य अधिकार भन्नाले कुनै पनि व्याक्ति वा जोडीलाई स्वतन्त्र रुपमा आफूले कति वटा बच्चा जन्माउने, कति फरकमा जन्माउने र कहिले जन्माउने भन्ने सम्वन्धि कुराको निर्णय लिन पाउने अधिकार हो।

ऐनः
संवत् २०७५ सालको ऐन नम्बर ९ सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन

सजायः
कसुरको मात्रा हेरी छ महिना सम्म कैद र एक लाख सम्म जरिवाना हुनेछ ।

**सहयोगको लागीः ११४५ खवर गरौ , प्रहरी कार्यालय,**
**स्थानिय निकाय : वडा कार्यालय, गाउँपालिका/नगरपालिकाको कार्यालय**

APEIRON

AMPLIFYCHANGE